गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

# पशुपन्छी स्रोत विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८०

**(मन्त्रीस्तरीय निर्णयबाट मिति २०८०/०७/१२ मा स्वीकृत)**

**प्रस्तावनाः** उच्च उत्पादकत्व भएका गाईभैंसी, भेडाबाख्रा, बंगुर र पन्छी प्रजातिको संख्यात्मक तथा गुणात्मक वृद्धि गरी उच्च नश्लका पशुपन्छी उत्पादन गर्ने स्रोत केन्द्रको रुपमा विकास गर्न "पशुपन्छी स्रोत विकास कार्यक्रम सञ्चालन" गर्ने उद्धेश्यले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यबिधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि तथा भूमि व्यवस्था मन्त्रालयले यो मापदण्ड बनाएको छ।

## १.0 प्राविधिक पक्षः

### १.१ आवेदकको योग्यता तथा छनौट

क) आवेदक पशुपन्छी फार्म/समूह/समिति/सहकारी संस्था हुनुपर्नेछ

ख) आवेदक संस्थाले बुँदा नं.३(ख) बमोजिमको आवश्यक न्यूनतम शर्तहरु पुरा गरेको हुनुपर्नेछ।

ग) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७ मा व्यवस्था भएको मूल्याङ्कन तथा सिफारिस समितिले बुँदा नं. 3 बमोजिमको मूल्याङ्कनका आधार अनुसार मूल्याङ्कन गरी कृषक तथा संस्था छनौट गर्नेछ।

### १.२ पेश गर्नुपर्ने कागजातहरु :

1) आवेदकले निवेदनका साथ बुँदा नं. ५ अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ।

2) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

3) सम्बन्धित स्थानिय तहका पशु सेवा शाखाबाट कार्यक्रम संचालनमा दोहोरोपना नहुने र कार्यक्रम संचालन गर्न उपयुक्त हुने व्यहोराको सिफारिस पत्र

## २.0 आर्थिक पक्षः

1) वार्षिक स्वीकृत बजेटको परिधि भित्र रही निजीस्तरबाट कार्यक्रम संचालन हुने भएमा कूल लागतको बढीमा पचास प्रतिशत र समुदायस्तरबाट संचालन हुने भएमा कुल लागतको बढीमा नब्बे प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

## ३.0 प्रस्ताव छनौटः

**क) मूल्याङ्कनका आधारहरुः**

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| **१.०** | **न्युनतम पुर्वाधार र शर्तहरु** | **2०** |
| १.1 | बुँदा नं.३(ख) बमोजिमको न्युनतम शर्तहरु पुरा गरे बाषत १५ अंक प्रदान गर्ने र थप २० पशुपन्छी बराबर १ अंकका दरले थप गर्दै अधिकतम २० अंक प्रदान गर्ने | २० |
| **२.०** | **पशुपन्छी नश्ल विकास** | **10** |
| २.१ | कुनै एक प्रजातिको उच्च नश्लका पशुपन्छी उत्पादन गर्ने | 10 |
| २.२ | उत्पादनशिल दुई वा सोभन्दा बढी क्रस प्रजाति तथा स्थानीय पशुपन्छी उत्पादन गर्ने | ७ |
| **३.०** | **बजारीकरणको अवस्था** | **10** |
| ३.१ | बजारको सुनिश्चितता र आफ्नो कूल उत्पादन मध्ये ५०% वा सो भन्दा बढी परिमाण विक्री गर्ने | 10 |
| ३.२ | बजार खोज्नुपर्ने तथा आफ्नो कुल उत्पादन मध्ये ५०% भन्दा कम परिमाण विक्री गर्ने | 6 |
| **४.०** | **पूर्वाधार र प्राविधिक उपयुक्तता** | **१०** |
| ४.१ | **पूर्वाधारको अवस्था** | **५** |
| ४.१.१ | सडक, पानी र बिजुलीको सुविधा भएको | ५ |
| ४.१.२ | सडक, पानी र बिजुली मध्ये कुनै १ वा १ भन्दा बढी सुविधा नभएको | ३ |

| | | |
|---|---|---|
| ४.२ | **प्राविधिक उपयुक्तता** | **५** |
| ४.२.१ | पर्याप्त र उपयुक्त जमिन भएको, उपयुक्त हावापानी भएको | ५ |
| ४.२.२ | पर्याप्त र उपयुक्त जमिन नभएको वा उपयुक्त हावापानी नभएको | ३ |
| **५.०** | **पशुपन्छीको फार्म अभिलेखको व्यवस्था** | **१०** |
| ५.१ | अभिलेख राख्ने गरेको | १० |
| 5.२ | अभिलेख राख्ने नगरेको | ५ |
| **६.०** | **प्रत्यक्ष रोजगारी सिर्जना** | **१०** |
| ६.१ | ३ जना वा सो भन्दा कम | ५ |
| ६.२ | ३ जना भन्दा बढी भएमा ५ अंक प्रदान गरी थप १ जनाको रोजगारी सिर्जना गरे बापत १ अंकका दरले थप गरी अधिकतम १० अंक प्रदान गर्ने | १० |
| **७.0** | **व्यवसाय/स्रोतकेन्द्रको स्वामित्व** | **१०** |
| 7.1 | कृषक समूह/समिति/सहकारी | १० |
| 7.2 | निजी फार्म/कम्पनी | ५ |
| **8.0** | **अनुदानको अवस्था** | **१०** |
| 8.1 | पछिल्लो दुई आ.व मा सोही प्रकृतिको कार्यमा कुनै कार्यालयबाट अनुदान नलिएको | **१०** |
| 8.2 | पछिल्लो दुई आ.व मा सोही प्रकृतिको कार्यमा अनुदान प्राप्त गरेता पनि व्यवसाय/क्षेत्र विस्तार गर्ने योजना पेश गरेको | ५ |
| **9.0** | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | १० |
| **जम्मा** | | **१००** |

**ख) आवश्यक न्यूनतम शर्तहरु:**

अ) उन्नत नश्लका गाई/भैंसी/भेंडा/बाख्रा/बंगुर पालन गरी ब्रिडिङ तथा मल्टिप्लायर हर्डको रुपमा बाच्छाबाच्छी/पाडापाडी/पाठापाठी उत्पादन गर्ने गरेको।

आ) गाई/भैंसीको हकमा कम्तिमा १०० वटा उन्नत नश्लका दुधालु गाई वा भैसी पालन गरिरहेको, कृत्रिम गर्भाधान गर्ने गरेको वा उन्नत नश्लको राँगो वा साँढेद्वारा प्राकृतिक गर्भाधान गर्ने गरेको

इ) भेडाबाख्राको हकमा कम्तिमा १५० माउ सहित ३०० गोटा भेडा वा बाख्रापालन गरिरहेको हुनुपर्नेछ।

ई) वंगुरको हकमा कम्तिमा १०० माउ सहित २०० गोटा वंगुर पालन गरिरहेको हुनुपर्नेछ।

उ) हाँस तथा ग्रामिण कुखुराको हकमा कम्तिमा १००० माउ पालन गरिरहेको हुनुपर्नेछ।

ऊ) पशुमा पूर्ण खोप कार्यक्रम अन्तर्गतका आवश्यक सबै खोपहरु लगाएको हुनुपर्नेछ।

ऋ) उन्नत नश्लका उत्पादन दिने पशुहरुको रेकर्ड व्यवस्थापन गरेको हुनुपर्नेछ।

**४.0 सञ्चालन गर्न सकिने क्रियाकलापहरु:** निर्देशनालय वा मातहतका कार्यालयले उपलब्ध श्रोत र सम्भाव्यताको आधारमा श्रोत विकास कार्यक्रम संचालन गर्ने पशुपन्छीको किसिम निर्धारण गर्न सक्नेछ।

४.१ स्वीकृत बजेटको परिधि भित्र रही देहायका क्रियाकलापहरु सञ्चालन गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

क) खोर/गोठ निर्माण/सुधारका लागि कार्यक्रम सञ्चालन गराउन सकिनेछ।
ख) पशु प्रजननको लागि उन्नत नश्लको राँगो/साँढे/बोका/विर आदि सहयोग ।
ग) पशु स्वास्थ्य कार्यक्रम र घाँस उत्पादनमा सहयोग।
ग) आवश्यक उपकरण समाग्री खरिदमा सहयोग।
घ) बजारीकरणको लागि आवश्यक पूर्वाधार र बजार प्रवर्द्धन सहयोग।
ङ) पशुहरुको आवश्यकता अनुसारको अभिलेख व्यवस्थापनका लागि सहयोग।
च) कृषकहरुका लागि क्षमता अभिबृद्धि तालिम, अभिमुखिकरण तथा अवलोकन भ्रमण कार्यक्रम संचालन।
छ) यस कार्यक्रमलाई विस्तार गर्न फलोअपका कार्यक्रम राख्न सकिनेछ।

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

**५.0 प्रस्तावको ढाँचा**

क) आवेदकको नाम र ठेगाना :

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

ग) कार्यक्रम संचालन हुने स्थान :

घ) संचालन गर्ने व्यवसायः

ङ) लाभान्वित (कार्यक्रममा सहभागी हुने)
घरधुरी संख्या :

**च) कार्यक्रमहरुको विस्तृत विवरणः**

| **क्र.सं.** | **क्रियाकलापहरु** | **इकाई** | **परिमाण** | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**छ) चालु आ.व.मा संचालन गरिने क्रियाकलापको विवरण :**

| क्र.स. | क्रियाकलापको विवरण | परिमाण (संख्या, गोटा आदि) | अनुमानित लागत रु | | कुल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरिएको | | |
| अ) | पुँजीगत कार्य | | | | | |
| | | | | | | |
| | | | | | | |
| आ) | पशु प्रजननका लागि कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| आ) | अन्य कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

ज) प्रस्तावित कार्यक्रम सञ्चालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, वार्षिक उत्पादन आदि):

| क्र.सं. | विवरण | एकाई | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम संचालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | पशुको विवरण | | | | |
| | प्रजननका लागि भएको पशुहरुको नश्ल विवरण | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| इ) | वार्षिक उत्पादन | | | | |
| | | | | | |
| | | | | | |
| ई) | अन्य उपलब्धिहरु | | | | |
| | | | | | |
| जम्मा | | | | | |

झ) उत्पादित वस्तुहरुको बजारीकरण कहाँ, कसरी र वार्षिक कति मात्रामा गर्ने :

ञ) अपेक्षित उपलब्धी तथा प्रतिफलहरुः

ट) नयाँ सोच तथा व्यवसायलाई दिगोरुपमा संचालन गर्ने भावी योजना :

ठ) स्रोत केन्द्र स्थापनाका लागि योजना र उत्पादन गर्न खोजेको पशुको नश्लको विवरणः

<u>प्रस्तावकको</u>

फार्म/संस्थाको नाम ठेगानाः संस्थाको छापः

सम्पर्क व्यक्तिः सम्पर्क नं.

दस्तखतः मितिः